प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः २०७६/०७७

चलानी नं. १३३५

मितिः २०७६/०८/०१

श्री स्वास्थ्य निर्देशनालय, प्रदेश नं. ५, बुटवल

श्री शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ५, बुटवल।

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ५ बुटवलको च.नं. ९५९ मिति २०७६/०७/२१ को पत्रसाथ प्राप्त भएको परराष्ट्र मन्त्रालय काठमाण्डौ नेपालको च.नं. ppdo/pcd-e/7 मिति २०७६/५/३० को वैदेशिक तालिम भ्रमण तथा भेटघाटको सम्बन्धमा कुटनितिक व्यवहारलाई व्यवस्थित गर्ने सम्बन्धी मन्त्रिपरिषदबाट भएको निर्णयहरु कार्यन्वयन बारे विषयक पत्रको प्रतिलिपी यसैपत्र साथ संलग्न गरी पठाईएको छ।व्यहोरा पत्रैवाट अवगत गरी उल्लेखित व्यहोरा बमोजिम गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

सञ्जय ज्ञवाली

शाखा अधिकृत

वोधार्थ:-

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ५ बुटवल ।

श्री गेहेन्द्र वहादुर विष्ट वेभ साईटमा अपलोड गरिदिनुहुन।

प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७
चलानी नं.:- ६५०

मिति २०७६/०७/२१

विषय: कार्यान्वयनका लागि निर्णयहरु पठाईएको सम्बन्धमा ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बुटवल ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बुटवल ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवल ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बुटवल ।
श्री सामाजिक विकास मन्त्रालय, बुटवल ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, बुटवल ।

सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५, बुटवल
दर्ता नं.: ९६४९
दर्ता मिति ०७६।०७।२६

प्रस्तुत विषयमा, परराष्ट्र मन्त्रालय, काठमाण्डौको च.नं. २०८२ मिति २०७६/०५/३० को पत्रमा उल्लेखित नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६/०५/०२ मा भएको निर्णयहरुको छायाँप्रति पाना २ कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(रामचन्द्र अर्याल)
अधिकृत, आठौं

Email: infocmofficep5@gmail.com, Phone No.: 071-550610, Fax: 071-550610

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाण्डौं, नेपाल

प्रमुख सचिवको निजी सचिवाल
दर्ता नं.:- २२५
मिति:- ७६/०८/२७

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ...
दर्ता नं. १०९६
मिति: ०७६/०८/२८

प.सं: PPDO/PCD-E/7

च.न: ०७६/७७ -२०८२

विषय: वैदेशिक तालिम, भ्रमण तथा भेटघाटको सम्बन्धमा कूटनीतिक व्यवहारलाई व्यवस्थित गर्नेसम्बन्धी मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन बारे।

श्री प्रमुख सचिवज्यू,

कूटनीतिक व्यवहार र अभ्यासमा स्थापित प्रचलन र मान्यतालाई सवै निकायहरुबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रवन्ध मिलाउन नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६/०५/०२ मा भएको देहायमा उल्लिखित निर्णय तहाँ र मातहतका सवै निकायहरुबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्णयानुसार अनुरोध गर्दछु।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय

"१. नेपाल सरकारका विभिन्न निकाय/पदाधिकारीहरुले विदेशी दूतावास/संस्थासँग स्वीकृति बेगर सीधा सम्पर्क गरी तालिम, भ्रमणको लागि अनुरोध गर्ने र औपचारिकताका लागि मात्र परराष्ट्र मन्त्रालय मार्फत् निमन्त्रणा पठाउन आग्रह गर्ने अभ्यासलाई तुरुन्त बन्द गर्ने।

२. नेपाल सरकारका विभिन्न मन्त्रालय एवं निकायहरुका लागि विभिन्न कूटनीतिक नियोगहरुबाट स्पष्ट आधार र औचित्य नभएको अवलोकन भ्रमण तथा अन्य कार्यक्रममा गरिएका आमन्त्रणलाई निरुत्साहित गर्न सम्बन्धित निकायको औपचारिक निर्णयबाट परराष्ट्र मन्त्रालय मार्फत् माग गरेका कार्यक्रमहरु मात्र स्वीकार गर्ने।

३. काठमाडौंस्थित विभिन्न कूटनीतिक नियोगहरुबाट विभिन्न मन्त्रालय तथा निकायका पदाधिकारी/कर्मचारीहरुलाई नामै तोकेर आमन्त्रण गरिएको बुँदा नं २ अनुसारका अनुरोधलाई परराष्ट्र मन्त्रालयले कारवाही नगर्ने र त्यसरी नाम तोक्न लगाई निमन्त्रणा माग गर्ने पदाधिकारी तथा कर्मचारीहरुलाई कारवाही गर्ने।

४. यस सम्बन्धी स्पष्ट जानकारी परराष्ट्र मन्त्रालयले नेपालस्थित सबै कूटनीतिक नियोगहरु तथा दातृ निकायहरु र नेपाल सरकारका सम्पूर्ण निकायहरुमा लिखित रुपमा गराउने र यो प्रावधान विपरीत प्राप्त हुने निमन्त्रणा तथा अन्य अनुरोधहरुलाई परराष्ट्र मन्त्रालयले कारवाही नगर्ने।

श्री प्रमुख, म.प. को निर्णय कार्यान्वयनको लागि परिपत्र गर्न

५. विदेशी नियोगका प्रमुख एवं अन्य प्रतिनिधिहरुसँग भेटघाट गर्नुपर्दा समकक्षता मिलाएर भेट्ने प्रचलन सुदृढ गर्ने एवं भेटघाटपूर्व एजेण्डा प्राप्त गर्ने। साथै, भेटघाटको समयमा परराष्ट्र मन्त्रालयको प्रतिनिधि अनिवार्य रुपमा समावेश गर्ने र संवेदनशील एवं गोप्य विषयमा कार्यालय प्रमुखलाई जानकारी गराउने र अन्य साधारण विषयमा उपस्थित प्रतिनिधिले वार्ताको टिपोट गरी अभिलेखमा राख्ने र एक प्रति सम्बन्धित पदाधिकारीकोमा पठाउने।

६. राष्ट्रिय हित प्रवर्द्धन र मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्ने तथा सम्मान र मर्यादा अनुकूल हुने कार्यक्रममा मात्र नेपाल सरकारका पदाधिकारी तथा कर्मचारीहरु सहभागी हुने।

७. द्विपक्षीय सम्बन्ध सुदृढ गर्न, मुलुकको आन्तरिक क्षमता अभिवृद्धि गर्न एवं समग्र राष्ट्रिय हित प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने किसिमका भ्रमणहरुका सम्बन्धमा परराष्ट्र मन्त्रालयले सिफारिस गर्ने।

८. यो व्यवस्था लागू भए नभएको बारेको प्रतिवेदन प्रत्येक ६ महिनामा परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयमा पठाउने।"

(शंकरदास बैरागी)
सचिव

श्री तोयानारायण ज्ञवाली
प्रमुख सचिव
प्रदेश नं. ५

<u>वोधार्थ तथा कार्यार्थः</u>
श्री शिष्टाचार महाशाखा,
परराष्ट्र मन्त्रालय, सिंहदरवार ।

(यस विषयमा आवश्यक समन्वय गर्नुहुन।)